स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



रेखा थापा निर्देशित चलचित्र "माया भनेकै यस्तो होला"को तीज गीत "नक्कल पारी" सार्वजनिक भएको छ। सार्वजनिक गीतमा शान्तीश्री परियार र प्रशान्त शिवाकोटीको स्वर छ। प्रशान्त शिवाकोटीको संगीत रहेको गीतको शब्द सुष्मा सिग्देलले लखेकी हुन्। पहिरन र गहनामा अरूको देखासिकी गर्ने खराब प्रवृत्ति हाबी हुँदै गएको वास्तविकतालाई गीतले टपक्क टिपेको छ।

**आजको विचार...**



बाढीले ... *(दुई पेजमा)*

राम ज्ञवाली

निर्माण तयारीमा रहेको फिल्म "द राइज अफ साम्राज्य"मा अभिनेत्री अञ्जना बराइली अनुबन्धित भएकी छन्। सौरभ चौधरीको आगामी निर्देशकीय फिल्ममा यसअघि सौगात मल्ल, दयाहाङ राई, नाजिर हुसेन र विजय बराल निश्चित भैसकेका छन्। अहिलेकी व्यस्त र डिमान्डेड अभिनेत्री बराइलीको प्रवेशसँगै कास्टिङ लाइनअप थप बलियो भएको छ। निर्देशक सौरभले भने, "हामी दर्शकको रोजाइमा रहेका र कथाले मागेका कलाकारलाई लिइरहेका छौं, यो क्रम अझै जारी छ।"



❐ वर्ष ३२ ❐ अंक ४७ ❐ २०८३ भदौ १७ गते बुधबार 2 september 2026, Wednesday ❐ पृष्ठ संख्या ४ मूल्य रू ५/-

# पालपा अस्पतालको सेवा सुधारसँगै भौतिक पूर्वाधार विकासमा जोड

**जगदीश भट्टराई**

**पाल्पा,** भदौ १६ / जिल्ला अस्पताल पाल्पाले आर्थिक वर्ष २०८२/०८३ को वार्षिक समीक्षा गरेको छ । अस्पतालले पछिल्लो समय हासिल गरेका उपलब्धि, सेवा प्रवाहमा देखिएका समस्या तथा आगामी योजनाबारे छलफल गरेको हो ।

कार्यक्रममा सहभागी जनप्रतिनिधि, स्वास्थ्यकर्मी, अस्पताल विकास समितिका पदाधिकारी तथा सरोकारवालाले अस्पतालको सेवा सुधारसँगै भौतिक पूर्वाधार विकासलाई प्राथमिकतामा राख्नुपर्नेमा जोड दिएका छन् । अस्पतालबाट प्रवाह हुने स्वास्थ्य सेवामा पछिल्ला वर्षमा सुधार हुँदै गए पनि भौतिक संरचना पर्याप्त र व्यवस्थित हुन नसकेको भन्दै आधुनिक भवन, थप जग्गा तथा आवश्यक पूर्वाधार निर्माणलाई प्राथमिकता दिनुपर्ने उनीहरूको भनाइ



थियो ।पाल्पा क्षेत्र नं. २ का प्रतिनिधिसभा सदस्य माधव थापाले पाल्पाली नागरिकलाई सर्वसुलभ, सहज र छिटो स्वास्थ्य सेवा उपलब्ध गराउन अस्पतालका विद्यमान सेवाहरूलाई समयअनुकूल प्रविधिमैत्री बनाउँदै विशेषज्ञ सेवा थप गर्दै लैजानुपर्ने बताए ।अस्पतालको भौतिक पूर्वाधार विकासका लागि आफूले आवश्यक सहयोग गर्ने प्रतिबद्धता पनि उनले व्यक्त गरे ।लुम्बिनी प्रदेशसभा सदस्य तथा पूर्वस्वास्थ्य मन्त्री खेमबहादुर सारुले गुणस्तरीय स्वास्थ्य सेवामा नागरिकको सहज पहुँच सुनिश्चित गर्न सबै पक्ष मिलेर अस्पतालको समग्र विकासमा लाग्नुपर्ने बताए । विगतका वर्षको तुलनामा पाल्पा अस्पतालको सेवा प्रवाहमा सुधार हुँदै गएको उल्लेख गर्दै उनले आगामी दिनमा सेवा अझ गुणस्तरीय, सहज र प्रभावकारी बनाउन अस्पताल प्रशासनलाई आग्रह गरे । स्वास्थ्य सेवामा तोकिएका मापदण्डको प्रभावकारी कार्यान्वयन गर्न सके स्वास्थ्य क्षेत्रमा उल्लेखनीय सुधार ल्याउन सकिने उनको भनाइ थियो । अस्पतालको भौतिक संरचना निर्माणका लागि प्रदेश सरकारले प्राथमिकताका साथ काम गरिरहेको बताउँदै सारुले आफू स्वास्थ्य मन्त्री रहँदादेखि नै अस्पतालको भवन निर्माणका लागि पहल गर्दै आएको उल्लेख गरे । प्रदेशसभा सदस्य इन्द्रा गहतराजले पाल्पा अस्पतालमा महिला तथा बालरोग विशेषज्ञ सेवाको विस्तारसँगै अन्य स्वास्थ्य सेवाहरूलाई समेत थप प्रभावकारी बनाउनुपर्नेमा जोड दिइन् । उनले अस्पतालको विकासका लागि प्रदेश सरकारबाट आवश्यक बजेटको अभाव हुन नदिने प्रतिबद्धता व्यक्त गरिन् । अस्पताल विकास समितिका अध्यक्ष अजयमान कर्माचार्यले अस्पतालको चौतर्फी विकास र सेवा प्रवाहलाई प्रभावकारी बनाउन आधुनिक भवन निर्माणसँगै आवश्यक थप जग्गाको व्यवस्थापन जरुरी रहेको बताए । अस्पतालको सेवा विस्तार र सुधारका लागि विभिन्न कोणबाट प्रयास भइरहेको भन्दै उनले सबै सरोकारवालाको सक्रिय सहयोग आवश्यक रहेको उल्लेख गरे । अस्पतालको मूल्यांकनमा आफूहरू क्रमश: उत्कृष्ट बन्दै गएको दाबी गर्दै अध्यक्ष कर्माचार्यले स्वास्थ्यकर्मी तथा कर्मचारीलाई मानवीय व्यवहारसहित गुणस्तरीय सेवा प्रवाहमा ध्यान दिन आग्रह गरे । आफ्नो जिम्मेवारी इमानदारीपूर्वक निर्वाह गर्न सके संस्थाको लक्ष्य हासिल गर्न सकिने उनको भनाइ थियो । भवन निर्माणका लागि आवश्यक जग्गा व्यवस्थापनको कामसमेत छिट्टै हुने उनले जानकारी दिए । - *(बाँकी अन्तिम पेजमा...)*

## संक्षिप्त समाचार

### इबोला संक्रमितको संख्या ६ हजार नाघ्यो

**बुनिया,** भदौ १६/ कंगोका अधिकारीहरूले इबोलाको प्रकोपबाट संक्रमित हुनेको संख्या ६ हजार नाघेको जानकारी दिएका छन् ।

सोमबार अधिकारीहरूले दिएको जानकारीअनुसार यस भाइरसबाट २ हजार ९११ जनाको मृत्यु भएको छ । कंगोमा मेइ महिनाको दोस्रो साता इबोला महामारी घोषणा गरिएको थियो । अहिलेको महामारी इतिहासमै तिव्र गतिमा फैलिरहेको इबोला महामारी हो । भाइरसबाट १ हजार ३६० भन्दा बढी मानिस निको भइसकेको कंगोका अधिकारीहरुले बताएका छन् । संकटबीच यति ठूलो संख्यामा मानिसहरु निको हुनु सकारात्मक रहेको उनीहरुले बताएका छन् । पूर्वी कंगोका क्षेत्रहरू यस प्रकोपसँगै असुरक्षा, विस्थापन, स्वास्थ्यकर्मीहरूको हड्ताल लगायतका समस्याबाट ग्रस्त छन् । विस्थापित शिविरहरूमा यो अवस्था अझ बढी चिन्ताजनक छ, जहाँ बासिन्दाहरू पहिल्यैदेखि अत्यन्तै कष्टकर जीवन बिताइरहेका छन्।गत हप्ता यो भाइरस यस क्षेत्रका दुईवटा नयाँ स्वास्थ्य क्षेत्रमा पुगेको छ । - **एपी**

## विमानस्थल बन्यो, स्थानीयमा उत्साह छैन




**बुटवल,** भदौ १६/ भैरहवा अन्तर्राष्ट्रिय विमानस्थल निर्माणले यस क्षेत्रका व्यवसायीमा उत्साह जगायो र पर्यटनक्षेत्रमा लगानी बढ्यो । विमानस्थलकै कारण रुपन्देहीमा होटल क्षेत्रमा ५० अर्बभन्दा बढीको लगानी छ । साना ठूला गरी रुपन्देहीमा २ हजार ५ सय होटल छन् । त्यसमध्ये १ सय ५० भन्दा बढी स्तरीय होटल हुन् ।

रुपन्देहीमा पछिल्ला दुई दशकमा निर्माण भएका गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल, अन्तर्राष्ट्रिय ध्यान केन्द्र तथा सभाहल, बुटवल अन्तरराष्ट्रिय सम्मेलन केन्द्र जस्ता केही ठूला पूर्वाधार परियोजनाहरुलाई राज्यले समृद्धिको आधारस्तम्भका रूपमा प्रस्तुत गरेपछि निजी क्षेत्रले लगानी बढायो । तर निजी क्षेत्रको उत्साहअनुसार यी संरचनाले बिजनेस दिएनन् । गौतमबुद्ध अन्तरराष्ट्रिय विमानस्थल अन्तरराष्ट्रिय उडानविहीन छ । लुम्बिनीको सभाहल र बुटवलको सम्मेलन केन्द्रमा तीन चार महिनामा एउटा कार्यक्रम हुन्छन् । जसले सञ्चालन खर्च पनि धान्दैन । अर्बौं खर्च गरेर निर्माण भएका यी संरचना उपयोगविहीनसरह छन् ।

## अनधिकृत राहत संकलन नगर्न गुल्मी प्रशासनको कडा निर्देशन

**हाम्रा संवाददाता**

**गुल्मी,** भदौ १६/ मनोमानी रुपमा राहत संकलन गर्ने कार्यलाई तत्काल रोक्न जिल्ला प्रशासन कार्यालय गुल्मीले कडा निर्देशन गरेको छ । बाढीप्रभावितकानाममा अनाधिकृतरूपमा चन्दा संकलन नगर्न अपिल मार्फत निर्देशन गरेको हो ।




प्रशासनले राहत उपलब्ध गराउने नाममा अनाधिकृत रूपमा नगद तथा जिन्सी संकलन नगर्न समेत आग्रह गरेको छ । प्रमुख जिल्ला अधिकारी बद्रीनाथ गैह्रेद्वारा जारी गरिएको सूचनामा जिन्सी सहायता सामग्री पठाउन चाहनेहरूले सम्बन्धित जिल्लामा पुऱ्याउने प्रबन्ध सहित जिल्ला प्रशासनसँग आवश्यक समन्वय गर्न निर्देशन गरिएको छ। सहयोग गर्न इच्छुक व्यक्ति वा संस्थाले प्रधानमन्त्री दैवीप्रकोप उद्धार कोष र प्रधानमन्त्री राहत कोषको आधिकारिक बैंक खातामा रकम जम्मा गर्न सकिने जनाएको छ। प्रशासनद्वारा जारी सूचनामा गत भदौ १० गते रसुवा जिल्लाको भोटेकोशी नदीमा आएको अकल्पनीय बाढीका कारण मुलुकले ठूलो धनजनको क्षति व्यहोर्नु परेको र देश नै शोकमा रहेको जनाउँदै सर्वसाधारण एवं सरोकारवाला निकायमा पाँच बुँदे निर्देशन समेत गरिएको छ। सामाजिक सञ्जालमा तथ्यहीन सूचना, विभत्स फोटो तथा भिडियो पोस्ट र सेयर नगर्न, पीडित परिवारलाई हतोत्साहित बनाउने तथा भ्रम फैलाउने कार्य नगर्न प्रशासनको निर्देशन छ।

राजधानी प्रवेश गर्ने मुख्य पृथ्वी राजमार्ग पूर्ण रूपमा बन्द रहेको र वैकल्पिक मार्गहरूको यात्रा पनि कठिन रहेकाले अत्यावश्यक काम बाहेक काठमाडौंको यात्रा नगर्न पनि आग्रह गरिएको छ। प्रशासनले मनसुन सक्रिय रहेकाले जिल्लाका विभिन्न सडक तथा बस्तीहरू समेत जोखिममा पर्न सक्ने भन्दै उच्च सतर्कता अपनाउन अनुरोध गरेको छ। यसका अतिरिक्त नजिकिँदै आएको हरितालिका तीज पर्वलाई मध्यनजर गर्दै उक्त पर्वलाई भड्किलो र तडकभडक नगरी सामान्य तरिकाले मनाउन सबैमा आग्रह गरेको छ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२
जनचेतना

# सम्पादकीय

## जात्रा–पर्व जोगाऔं

पाल्पा जिल्ला अहिले धार्मिक तथा सांस्कृतिक गतिविधिले चलायमान बनेको छ । सदरमुकाम तानसेनसहित जिल्लाका विभिन्न गाउँबस्तीमा वर्षभरि विभिन्न जात्रा, पर्व, मेला तथा धार्मिक उत्सव आयोजना हुने गर्छन् । यी जात्रा–पर्व केवल मनोरञ्जन वा धार्मिक आस्थाका अवसर मात्र होइनन्, पुस्तौँदेखि हस्तान्तरण हुँदै आएका मौलिक परम्परा, सामाजिक सम्बन्ध र सांस्कृतिक पहिचानका जीवन्त धरोहर हुन् । यिनको संरक्षण गर्नु भनेको पाल्पाको इतिहास र पहिचानलाई भावी पुस्ताका लागि सुरक्षित गर्नु पनि हो ।

पाल्पाको सांस्कृतिक पहिचानलाई उजागर गर्ने महत्वपूर्ण जात्राहरूमध्ये तानसेनको ऐतिहासिक भगवती जात्रा विशेष महत्वको छ । नेपाल–अंग्रेज युद्धमा नेपाली सेनाले हासिल गरेको विजयको स्मरणमा मनाइँदै आएको यस जात्राले इतिहास, वीरता र राष्ट्रिय स्वाभिमानको समेत झल्को दिन्छ । त्यस्तै रानीमहल क्षेत्रसँग जोडिएका धार्मिक गतिविधि, भैरव तथा विभिन्न देवीदेवताका मन्दिरमा लाग्ने मेला, गाउँबस्तीमा मनाइने स्थानीय जात्रा तथा पर्वहरूले पाल्पाको धार्मिक र सांस्कृतिक विविधतालाई अझ समृद्ध बनाएका छन् । यी पर्वहरूमा धर्म र संस्कृतिबीचको गहिरो सम्बन्ध स्पष्ट देखिन्छ । पूजाआजा, रथयात्रा, बाजागाजा, नाचगान, परम्परागत भेषभूषा र सामूहिक सहभागिताले समुदायलाई एउटै सूत्रमा बाँध्ने काम गर्छ । जात्रा–पर्वका अवसरमा टाढाटाढाबाट आफन्त तथा समुदायका मानिस एक ठाउँमा भेला हुने भएकाले सामाजिक सम्बन्धलाई बलियो बनाउन पनि यिनको महत्वपूर्ण भूमिका रहँदै आएको छ । अझ महत्वपूर्ण कुरा, नयाँ पुस्तालाई आफ्नो इतिहास, संस्कार, परम्परा र मौलिक संस्कृति बुझाउने प्रभावकारी माध्यम पनि यिनै जात्रा–पर्व हुन् । तर पछिल्ला वर्षहरूमा बदलिँदो जीवनशैली, आधुनिक मनोरञ्जनका साधन, बसाइँसराइ तथा मौलिक संस्कृतिप्रतिको घट्दो रुचिका कारण कतिपय परम्परा कमजोर बन्दै गएका छन् । कतिपय जात्रा औपचारिकतामा सीमित हुने तथा मौलिक पक्षभन्दा प्रदर्शन र देखावटी पक्ष हावी हुने जोखिमसमेत बढ्दै गएको छ । संस्कृति संरक्षणका नाममा यसको मूल स्वरूप नै हराउँदै जाने अवस्था आउनु झनै चिन्ताको विषय हो । स्थानीय तह, संस्कृति संरक्षणमा क्रियाशील संघसंस्था, समुदाय र नागरिक समाजले यस विषयलाई प्राथमिकतामा राख्नुपर्छ । जात्रा–पर्वलाई व्यवस्थित बनाउन पूर्वाधार, सरसफाइ, सुरक्षा, यातायात व्यवस्थापन र प्रचारप्रसार आवश्यक छ । तर आधुनिक व्यवस्थापनका नाममा परम्परागत स्वरूप, विधि र सांस्कृतिक मूल्यमा आँच आउन दिनु हुँदैन । तसर्थ जात्रा–पर्वको व्यवस्थापनसँगै यसको मौलिकता र ऐतिहासिक महत्व जोगाउनेतर्फ विशेष ध्यान दिन जरुरी छ ।

### Opinion @ Social Network

प्रकृतिसँग हाम्रो केहि गुनासो छैन् भगवान् तर यो पिडा सहने शक्ति देउ, हराएकाहरु सुरक्षित फर्किउन् ,टुटेका घर फेरि उठुन् ।
*(सरस्वती शर्माको फेसबुक स्टाटसबाट www.facebook.com/Sarsawati.sharma)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# बाढीले ल्याएको शोक, पीडा र सिकाइ



राम ज्ञवाली
रिब्दिकोट -४, नारायणथोक पाल्पा

*केही मिनेटमै नदीको सतह नौ मिटरसम्म उकालो लाग्यो । पानी, माटो, ढुङ्गा, काठ लगायतको मिश्रणले बजार, घर, पुल, सडक र जलविद्युत् संरचनाहरूलाई निल्यो । टिमुरे बजार हरायो । सयौं गाडीहरू बगे । सुरक्षा पोस्टहरू बगे । मानिसहरू चिच्याउँदै भागे, तर बाढीले उनीहरूलाई पछ्याउन छोडेन । आमाको हातबाट बच्चा छुट्नु, पतिको आँखा अगाडि पत्नी बग्नु, पत्नीको अगाडि पति विलिन हुनु, कतिका दाइभाइ हराए, कतिका दिदीबहिनी हराए । अनाथ भए कैयौ बालबालिकाहरू । बाढीको भेलसँगै हराए कैयौ कलिला मुनाहरू । कसैको करोडौंको सम्पत्ति थियो, महलजस्ता घर थिए, सुखसयल र धन–दौलतको कुनै कमि थिएन, तर प्रकोपको एउटा झट्काले परिवारै उजाडियो, वंश नै मेटियो । कोही भाग्यवश बाँचेका छन्, तर जीवनभर पसिना बगाएर, रगत र आँसु साटेर जोडेको भएभरको कमाइ एकैछिनमा माटोमा बिलिन भयो । सुरक्षाकर्मीहरू आफ्नो कर्तव्य निर्वाह गर्दा बेपत्ता हुनु–यी दृश्यहरू हृदय चिरिदिने खालका थिए । हिजोका ती कारुणिक र वियोगान्त दृश्यहरू अहिले पनि आँखा अगाडि नाच्छन् ।*

घटना हुने दिन बिहान रसुवाको आकाश सफा थियो । सूर्यले हिमालका चुचुराहरूमा सुनौलो प्रकाश छर्दै थियो । टिमुरेको बजारमा मानिसहरू सामान्य दिनझैं व्यस्त थिए । पर्यटकहरू क्यामेरा बोकेर हिमाल हेर्दै थिए । स्थानीय बासिन्दा दैनिक काममा लागेका थिए । सुरक्षाकर्मीहरू आृनो कर्तव्य निर्वाह गर्दै थिए । भन्सारका कर्मचारीहरू नाकाको काममा व्यस्त थिए । स्याफ्रुबेँसी र रसुवागढीका सडकहरूमा गाडीहरू चल्दै थिए । त्रिशूलीको पानी शान्त बग्दै थियो तर प्रकृतिले एकाएक आफ्नो रङ्ग रूप देखायो । तिब्बतको सीमानजिकै हिमनदी र चट्टानको भीषण पहिरोले ल्हेन्दे खोलाको प्रवाह रोकेर ठूलो बाँध बनाएको थियो । त्यो बाँध फुट्दा भोटेकोशी नदीमा पानीको विशाल पर्खाल आएर ठोक्कियो ।

केही मिनेटमै नदीको सतह नौ मिटरसम्म उकालो लाग्यो । पानी, माटो, ढुङ्गा, काठ लगायतको मिश्रणले बजार, घर, पुल, सडक र जलविद्युत् संरचनाहरूलाई निल्यो । टिमुरे बजार हरायो । सयौं गाडीहरू बगे । सुरक्षा पोस्टहरू बगे । मानिसहरू चिच्याउँदै भागे, तर बाढीले उनीहरूलाई पछ्याउन छोडेन । आमाको हातबाट बच्चा छुट्नु, पतिको आँखा अगाडि पत्नी बग्नु, पत्नीको अगाडि पति विलिन हुनु, कतिका दाइभाइ हराए, कतिका दिदीबहिनी हराए । अनाथ भए कैयौ बालबालिकाहरू । बाढीको भेलसँगै हराए कैयौ कलिला मुनाहरू । कसैको करोडौंको सम्पत्ति थियो, महलजस्ता घर थिए, सुखसयल र धन–दौलतको कुनै कमि थिएन, तर प्रकोपको एउटा झट्काले परिवारै उजाडियो, वंश नै मेटियो । कोही भाग्यवश बाँचेका छन्, तर जीवनभर पसिना बगाएर, रगत र आँसु साटेर जोडेको भएभरको कमाइ एकैछिनमा माटोमा बिलिन भयो । सुरक्षाकर्मीहरू आफ्नो कर्तव्य निर्वाह गर्दा बेपत्ता हुनु–यी दृश्यहरू हृदय चिरिदिने खालका थिए । हिजोका ती कारुणिक र वियोगान्त दृश्यहरू अहिले पनि आँखा अगाडि नाच्छन् । रसुवाबाट सुरु भएको यो विपत्ति त्रिशूली हुँदै नुवाकोट, धादिङ, गोरखा, तनहुँ, नवलपरासी र चितवनसम्म पुग्यो । करिब तीन सय किलोमिटर लामो यात्रामा बाढीले सयौँको जीवन अस्तित्व मेटिदियो । अहिलेसम्म सात सयभन्दा बढी शव फेला परिसकेका छन् । दुई हजार पाँच सयभन्दा बढी अझै बेपत्ता छन्–नेपाली सेना, प्रहरी, सशस्त्र प्रहरीका जवानहरू, जलविद्युत्का कर्मचारीहरू, भन्सारका कर्मचारीहरू, आप्रवासनका कर्मचारीहरू र विदेशी पर्यटकहरूसहित । चितवनमा मात्रै दुई सय पचासभन्दा बढी शव भेटिएका छन् । नारायणी किनारमा शव खोज्ने दृश्यले मुटु काम्छ । परिवारहरू आफन्तको फोटो बोकेर अस्पताल र उद्धार शिविरहरूमा भौंतारिरहेका छन् । यो घटना केवल प्राकृतिक प्रकोप होइन । यो मानव र प्रकृतिको सम्बन्धको गहिरो प्रश्न हो । हिमाललाई हामी देवता मान्छौं । हामी उसको प्रकृतिलाई बुझ्न सकेका छैनौं । हिमनदीहरू जलवायु परिवर्तनका कारण अस्थिर भइरहेका छन् । हिउँ पग्लिरहेको छ । चट्टानहरू कमजोर भइरहेका छन् । हामी अझै पनि नदी किनारमा घर बनाउँछौं, असुरक्षित ठाउँमा बजार बसाउँछौं, र विकासको नाममा प्रकृतिलाई चुनौती दिन्छौं । बाढीले हामीलाई सम्झायो–मानव सभ्यता प्रकृतिको दयामा निर्भर छ । हामीले जतिसुकै प्रविधि विकास गरे पनि प्रकृतिसँग लड्न सकिँदैन । हामी केवल उसको नियम बुझेर बाँच्न सक्छौं ।

धन भएर पनि आखिर साथमा के लगेर गयो र मानिसले ? जुन सम्पत्तिका लागि जीवनभर दौडियौं, त्यही सम्पत्ति एक दिन छोडेर जानुपर्ने रहेछ । आज हाम्रो भनेर सम्हालेको घर, जग्गा, धन–दौलत सबै यहीं छुट्ने रहेछ, साथमा जाने त केवल कर्म र आफूले बाँडेको माया रहेछ । यो विपत्तिले जीवनको क्षणिकतालाई उजागर गर्छ । एक क्षणमा सबै कुरा बदलिन्छ । घर, परिवार, सपना, भविष्य–सबै पानीसँग बग्छ । हामीले निर्माण गरेका ठूला संरचनाहरू, जलविद्युत् आयोजनाहरू, पक्की सडकहरू–प्रकृतिको एक आक्रमणमा धूलो बन्छन् । यसले हामीलाई सम्झाउँछ कि भौतिक समृद्धि क्षणिक हो । साँचो समृद्धि भनेको प्रकृतिको सम्मान, मानवताको संरक्षण र दिगो जीवनशैली हो । बाढीले बगाएको देशले हामीलाई सोध्छ–हामी के निर्माण गर्दैछौं ? घर कि घरजस्तो भ्रम ? विकास कि विनाश ?यो विपत्ति हाम्रो पूर्वतयारीको अभावको परिणाम हो । हिमनदी र ग्लेसियल लेकहरूको अनुगमन प्रणाली कमजोर छ । पूर्वसूचना प्रणाली पर्याप्त छैन । नदी किनारका बस्तीहरू जोखिममा छन् । जलविद्युत् आयोजनाहरूको सुरक्षा मापदण्ड पर्याप्त छैन । सीमापार समन्वय कमजोर छ । जलवायु परिवर्तनका प्रभावहरूबारे हामीले पर्याप्त अध्ययन गरेका छैनौं । विकास मोडेल अझै पनि प्रकृतिविरोधी छ । हामी नदीलाई बाँध्छौं, जंगल फाँड्छौं, र पहाड खनिन्छौं तर जब प्रकृति जवाफ दिन्छ, हामी आश्चर्यचकित हुन्छौं । यो आश्चर्यको मूल्य सयौं जीवन हो । एक आमाको कथा सुन्नुहोस् । उनी टिमुरेमा बस्थिन् । बिहान छोरा र बुहारीलाई बिदाई गरेर घर फर्किन् । केही बेरपछि पानीको आवाज आयो । उनी बाहिर निस्कँदा देखिन्–पानीको पर्खाल घरतिर आइरहेको थियो । छोराको हात समात्न खोजिन्, तर पानीले छोरालाई लगेको थियो । बुहारीको चिच्याहट सुनिन्, तर केही गर्न सकिनन् । अहिले उनी उद्धार शिविरमा बसेर आकाश हेर्छिन् । आँखाबाट आँसु झर्छ, तर आवाज निस्कँदैन । उनी भन्छिन्, “मेरो छोरा कहाँ गयो ? मेरो बुहारी कहाँ गइन् ? म बाँच्नुको अर्थ के ?” यस्तै सयौं कथाहरू छन् । प्रत्येक कथा यो देशको पीडा हो । प्रत्येक आँसुले राष्ट्रिय फदयलाई छुन्छ । सुरक्षाकर्मीहरूको बलिदान पनि बिर्सिन सकिँदैन । उनीहरू आफ्नो कर्तव्य निर्वाह गर्दै बाढीमा परे । प्रहरी चौकी बग्दा पनि उनीहरूले मानिसहरूलाई बचाउन खोजे । सेनाका जवानहरू हेलिकप्टरबाट उद्धार गर्दै थिए । केही जलविद्युत्का कर्मचारीहरू सुरुङभित्र फसे । उनीहरूको परिवार अहिले पनि आशामा बसेका छन् । विदेशी पर्यटकहरू, जसले नेपालको सुन्दरता हेर्न आएका थिए, उनीहरूको सपना पनि बाढीले बगायो । उनीहरूको परिवार विदेशमा रोइरहेका छन् । यो पीडा सीमापार छ । प्रकृतिको प्रकोपले राष्ट्रिय सीमा चिन्दैन । आज नेपाल पीडाले रोइरहेको छ । रसुवाको माटोमा, त्रिशूलीको पानीमा, चितवनको किनारमा–हरेक ठाउँमा आँसु मिसिएको छ तर यो आँसु मात्र होइन । यो एकताको आँसु हो, सहानुभूतिको आँसु हो, र फेरि उठ्ने संकल्पको आँसु हो । बाढीले बगाएको देशलाई हामी सबै मिलेर फेरि निर्माण गर्नुपर्छ । पीडाले रोएको नेपाललाई हामी सबै मिलेर सान्त्वना दिनुपर्छ ।उद्धारकार्य जारी छ । सेना, प्रहरी, सशस्त्र प्रहरी, स्वयंसेवकहरू दिनरात खटिरहेका छन् । हेलिकप्टरहरू उडिरहेका छन् । राहत सामग्री बाँडिरहेका छन् तर राहत मात्र पर्याप्त होइन । दीर्घकालीन पुनर्निर्माण चाहिन्छ । पीडित परिवारलाई आर्थिक सहयोग, मनोवैज्ञानिक सहयोग, शिक्षा र रोजगारीको व्यवस्था चाहिन्छ । हामीले सिक्नुपर्छ–प्रकृतिसँग सहअस्तित्व गर्नुपर्छ । हिमाललाई सम्मान गर्नुपर्छ । नदीलाई ठाउँ दिनुपर्छ । हिमनदीहरूको अनुगमन प्रणाली बलियो बनाउनुपर्छ । पूर्वसूचना प्रणाली प्रभावकारी बनाउनुपर्छ । विकास मोडेललाई प्रकृतिमैत्री बनाउनुपर्छ । यो विपत्तिले सम्झाउँछ जीवनको अर्थ भौतिक उपलब्धिमा मात्र छैन । साँचो अर्थ भनेको एकअर्कालाई सहयोग गर्नु, प्रकृतिलाई सम्मान गर्नु, र भविष्यका पुस्तालाई सुरक्षित संसार छोड्नु हो । बाढीले हामीलाई सोध्छ–हामी कस्तोभविष्य निर्माण गर्दैछौं ? के हामी आँसुको देश बन्नेछौं वा आशाको देश ? जवाफ हाम्रो हातमा छ । बाढीले बगाएको देशलाई फेरि उभ्याउन र पीडाले रोएको नेपाललाई फेरि मुस्कुराउन हामी सबै एक हुनुपर्छ । हिमालको देश नेपाल फेरि उठ्नेछ । आँसु सुकाएर हामी फेरि हिमाल हेर्नेछौं तर ती आँसुहरू कहिल्यै बिर्सिनु हुँदैन । ती आँसुहरूले हामीलाई सम्झाउँछन्–जीवन क्षणिक छ, तर मानवताको शक्ति अमर छ । यसले हामीलाई एक बनाउनेछ । प्रकृतिसँगको सम्बन्धलाई पुनः परिभाषित गर्नेछ र भविष्यलाई सुरक्षित बनाउनेछ ।

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१–५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१–५४१२३३
भैरहवा ०७१–५२०१९९
अर्घाखाँची ०७७–५२११९९
गुल्मी ०७९–५२०१९९
परासी ०७८–५२०१९९
तौलिहवा ०७६–५६००९९
पाल्पा ०७५–५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५–६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१–५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१–५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१–५२०१९३
मिसनअस्पताल पाल्पा ०७५–५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५–५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५–५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५–४११२०१
पिचन्द्र परासी ०७८–५२०१८८
भैरहवा आँखा अस्पताल ०७१–५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७–५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९–५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६–५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१–५४४४५०
बुटवल हस्पितल ०७१–५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१–५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१–५४७८४०
आँखा अस्पताल पाल्पा:०७५–५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५–४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१–५४४६००
लियो क्लब अफ बुटवल ०७१–५४५८९३
रेडक्रस भैरहवा०७१–५२०२६३
रेयुकाई भैरहवा ०७१–५२६६७३,९८४७०२२४६४
परासी ०७८–५२०१२५
रेडक्रस पाल्पा ०७५–५२०६००
रेडक्रस तौलिहवा ०७६–५६००१५
रेडक्रस अर्घाखाँची ०७७–४२०२७५,४२०११७
रेडक्रस गुल्मी ०८९–५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१–५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१–५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६–६९०१०२
रेडक्रस देवदह ०७१–५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५–५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५–५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : चलिरहेको काम व्यवस्थित हुनेछ ।प्रविधिसम्बन्धी काम सजिलै मिल्नेछ । | **तुला**: आफ्नो क्षमता देखाउने समय हो । जिम्मेवारीले व्यस्तता बढाउनेछ । |
| **वृष** :मनको कुरा भन्नसकिनेछ । अनुभवी व्यक्तिको सल्लाह उपयोगी हुनेछ । | **वृश्चिक** : पुरानो योजना फेरि अघि बढ्नेछ ।पैसाको हिसाब मिल्नेछ। |
| **मिथुन**: अडि्कएको कामले गति लिनेछ।पैसाको नयाँ बाटो खुल्न सक्छ । | **धनु** : काममा सहमति बन्नेछ । आर्थिक पक्ष राम्रो रहनेछ। |
| **कर्कट** : खर्च घटाउने मौका मिल्नेछ । काममा नयाँ जिम्मेवारी आउला । | **मकर** : काममा व्यस्तता बढ्नेछ। स्वास्थ्यका लागि हिँडडुल राम्रो हुनेछ । |
| **सिंह** : व्यापारमा राम्रो ग्राहक भेटिन सक्छ । पढाइमा ध्यान बढ्नेछ । | **कुम्भ**: नयाँ मानिससँग भेट हुनेछ । व्यापार बढ्न सक्छ । |
| **कन्या** : रोकिएको पैसा आउने सम्भावना छ । काममा तपाईंको कुरा सुनिनेछ । | **मीन** : आर्थिक जिम्मेवारी पूरा हुनेछ । काममा धैर्यको फल मिल्नेछ । |

## कला मनोरञ्जन

# बाढीपीडितका लागि जुट्दै कलाकार





केही दिनअघि प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा आर्थिक सहयोग गरेकी गायिका समीक्षा अधिकारीले शनिबार जिल्ला प्रशासन कार्यालय, कास्कीमार्फत बाढी प्रभावितका लागि खाद्यन्नलगायत अत्यावश्यक सामग्री प्रदान गरिन्। गायक दुर्गेश थापा बाढीको घटनालगत्तै लत्ताकपडा, सिरक-डसनासहितका राहत सामग्री लिएर नुवाकोटका बाढी प्रभावित क्षेत्रमा पुगे। गायक तथा अभिनेता प्रकाश सपूतले गत बिहीबार गलबन्दी प्रोडक्सन र गलबन्दी फाउण्डेशनका तर्फबाट एक लाख रूपैयाँ प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा सहयोग प्रदान गरे ।

यी त प्रतिनिधिमूलक उदाहरण मात्र हुन् । भोटेकोशी-त्रिशूलीको विनाशकारी बाढीपछि स्वत:स्र्फूत रूपमा राहत सहयोग जुट्ने क्रम जारी छ। यसमा अभियानमा कलाकारहरूले पनि हातेमालो गरिरहेका छन्। गायक प्रकाश सपूतले संकटको घडीमा नेपाल र नेपालीको सह-अस्तित्व, सहयोग र सद्भावको संस्कारलाई जीवन्त राख्नुपर्ने बताए। विपद्को कठिन घडीमा प्रभावित नागरिक र देशको साथमा एक्यबद्धतापूर्व उभिनु कलाकारको पनि दायित्व भएको उनको भनाइ छ। गायक दुर्गेश थापाले बाढी प्रभावित क्षेत्रका नागरिकको पीडा असह्य खालको रहेको सुनाए। बाढीमा अभिभावक गुमाएका बालबालिकाको अवस्था देख्दा आफूले मन थाम्न नसकेको उनले बताए। बाढी प्रभावितका लागि सानो स्तरमा भए पनि राहत पुगोस् भनेर आफू अत्यावश्यक सहायता सामग्री लिएर बाढी प्रभावित क्षेत्रमा पुगेको गायक थापाको भनाइ छ।गायिका समीक्षा अधिकारीले बाढी प्रभावितको पीडामा साथ दिने प्रयास गरेको उल्लेख गरिन्। सहयोग सानो वा ठूलो भन्दापनि दु:खका बेला कसैको साथमा उभिन सक्नु नै सबैभन्दा महत्वपूर्ण हुने उनको भनाइ छ। गायिका रचना रिमालले पनि आफ्नो तर्फबाट यथोचित सहयोग रकम प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा गरेको सामाजिक सञ्जालमार्फत जानकारी दिएकी छन्। देशवासीको दु:ख र पीडामा सकेको साथ दिनुपर्छ भन्ने भावनासहित आफूले सक्दो सहयोग गरेको उनले उल्लेख गरेकी छन्। व्यक्तिगत रुपमा मात्र नभई कलाकार सम्बद्ध विभिन्न संघसंस्था पनि विपद्मा सहारा बनिरहेका छन्। बागलुङ कलाकार समाजले पनि प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा ७५ हजार पाँच सय ५५ रूपैयाँ सहयोग गरेको समाजका अध्यक्ष एवं गायक वसन्त थापाले जानकारी दिए। तीजको सम्मुखमा देशले व्यहोरिरहेको महाविपत्तिमा कतिपय कलाकारले देशविदेशमा हुने तीज विशेष सांगीतिक कार्यक्रम स्थगन गरेका छन्। सामूहिक दरखानेलगायत तीजका मनोरञ्जनात्मक कार्यक्रम स्थगन गरी तिनमा हुने आर्थिक खर्चलाई बाढी प्रभावितको सहयोगार्थ पठाउने क्रम बढ्दो छ।

प्रबुद्ध युवा समूह, बागलुङले आगामी साता आयोजना गरेको 'गण्डकी प्रदेशस्तरीय दोस्रो अन्तरविद्यालय तीज नृत्य प्रतियोगिता' स्थगन गरी उक्त कार्यक्रमका लागि संकलित एक लाख रूपैयाँ बाढी प्रभावित राहतमा खर्च गरेको छ। समूहको टोली बागलुङदेखि राहत सामग्री लिएर बाढी प्रभावित क्षेत्रमा पुगेको समूहका अध्यक्ष रोहित सुनारले जानकारी दिए। भोटेकोशी-त्रिशूलीको बाढीले पुऱ्याएको अकल्पनीय जनधनको क्षतिले यतिबेला सिंगो मुलुक नै आक्रान्त छ। बाढी प्रभावितको राहत, उद्धार तथा पुन:स्थापनाका लागि देश, विदेशबाट स्वत:स्र्फुत रुपमा राहत सहयोग जुट्ने क्रम जारी छ। संकलित राहतलाई एकद्वार प्रणालीबाट बाढी प्रभावित परिवारलाई वितरणका लागि राज्यका निकायमार्फत सहजीकरण भइरहेको छ।सरकारी निकायसँगै जनस्तरबाट बाढी प्रभावितको राहतका लागि अग्रसरता बढाइएको छ।

**(सेतोपाटी डटकम)**

# कामत र अवस्थीको निर्देशनमा 'नीलो सिन्दुर' मञ्चन हुने



**काठमाडौं,** मैथिली नाटकका लेखक तथा निर्देशक महेन्द्र मलंगियाको चर्चित नाटक 'देहपर कोठी खसा दिय' अर्थात् एक पुरिया विषयमा आधारित नाटक 'नीलो सिन्दुर' मञ्चनको तयारीमा छ ।धीरेन्द्र प्रेमर्षीद्वारा नेपालीमा अनुवाद गरिएको नाटकलाई पुन:संरचना गर्न लागिएको हो । रङ्ग सूत्र नेपाल, हिल्स होम थिएटर र संरक्षणको संयुक्त पहलमा तयार गरिएको उक्त नाटक भदौ १९ गते देखि असोज ४ गतेसम्म काठमाडौंस्थित मण्डला थिएटरमा मञ्चन हुनेभएको हो ।

रामभजन कामत र पुष्पराज अवस्थीको संयुक्त निर्देशन रहेको नाटक यसअघि दिल्लीमा आयोजित मलंगिया महोत्सवमा समेत प्रदर्शन भइसकेको छ ।नाटकमा गरिबी, बेरोजगारी, असहायता तथा स्वास्थ्य सेवाको अभावले सिर्जना गर्ने मानवीय संकटलाई कथाको केन्द्रमा राखिएको छ । न्याय, मानव गरिमा, राज्यको दायित्वको नैतिक द्वन्द्वलाई प्रस्तुत गर्ने 'नीलो सिन्दुर' एउटा परिवारको दु:खान्त मात्र नभई सम्मानपूर्वक बाँच्न पाउने नागरिक अधिकार र सामाजिक उत्तरदायित्व माथि विमर्श गर्ने समकालीन सामाजिक नाटकका रूपमा प्रस्तुत गरिएको छ ।नाटकमा प्रभाकर शर्मा, दिपक प्रसाद आचार्य, पुष्पराज अवस्थी, रुपेश मण्डल, रिना रिमाल, वीरेन्द्रसिंह कुशवाहा, तृप्ति श्रेष्ठ, चन्द्रशेखर राय, उत्सव कार्की र राजीव यादव लगायतका कलाकारको अभिनय रहेको छ ।मञ्च तथा प्रकाश परिकल्पना झकेन्द्र बी.सी., मञ्च निर्माण होम बी.सी.ले गरेको नाटकको प्रकाश परिचालन प्रेम चन्द पाण्डेय, ध्वनि परिचालन श्रीकृष्ण शाही, संगित सुनिल मल्लिक, मञ्च व्यवस्थापन सुरज घर्ती मगर तथा बजार व्यवस्थापन सबिन न्यौपानेको रहेको छ ।- ***अनलाईन खबर डटकम***

# दोलखामा फिल्म सिटी : १५ वर्षदेखि अधुरै

**काठमाडौं,** नेपालको चलचित्र उद्योगलाई अन्तर्राष्ट्रिय स्तरमा पुऱ्याउने, स्वदेशमै अत्याधुनिक छायांकन पूर्वाधार निर्माण गर्ने र पर्यटनसँग चलचित्र क्षेत्रलाई जोड्ने महत्वाकांक्षी योजनाका रूपमा दोलखामा अन्तर्राष्ट्रिय फिल्म सिटी निर्माणको अवधारणा अघि सारिएको थियो।

हलिउडको फिल्म उद्योग र विशाल स्टुडियोबाट प्रेरित भएर वि.सं. २०६८/२०६९ देखि सुरु भएको यो योजना वर्षौंदेखि सुस्त गतिमा छ । करोडौं रुपैयाँ लगानी, हजारौं रोपनी जग्गाको व्यवस्था, सडक पहुँच र शिलान्याससम्म भइसके पनि फिल्म सिटीको मुख्य संरचना निर्माण भने अझै हुन सकेको छैन । दोलखाको डाङडुङ्गो डाँडा अर्थात् खरिढुङ्गा क्षेत्रलाई अन्तर्राष्ट्रिय स्तरको फिल्म सिटी निर्माणका लागि छनोट गरिएको हो । आयोजना निर्माणको चर्चा सुरु भएको करिब १५-१६ वर्ष बितिसकेको स्थानीयको भनाइ छ ।


यसबीच जग्गा व्यवस्थापन, पहुँचमार्ग निर्माण र केही प्रारम्भिक पूर्वाधारको काम भएपनि जुन उद्देश्यका साथ नेपालको अन्तर्राष्ट्रिय फिल्म नगरी निर्माण गर्ने सपना देखिएको थियो, त्यो अधुरै छ ।

**हलिउडबाट सुरु भएको 'फिल्म सिटी'को सपना**

अन्तर्राष्ट्रिय स्तरको फिल्म सिटी निर्माणको अवधारणा वरिष्ठ कलाकार तथा यस आयोजनाका परिकल्पनाकार मदनदास श्रेष्ठले अघि सारेका हुन्। उनका अनुसार हलिउडको लस एन्जलस भ्रमण र त्यहाँको विश्वप्रसिद्ध चलचित्र उद्योग अवलोकन गरेपछि नेपालमा पनि त्यस्तै स्तरको चलचित्र निर्माण केन्द्र बनाउन सकिने सोच जन्मिएको थियो ।श्रेष्ठले हलिउडमा ओस्कार अवार्डमा सहभागी हुने अवसर पाएका थिए । त्यही क्रममा उनले हलिउडको फिल्म सिटी र युनिभर्सल स्टुडियो अवलोकन गरेका थिए। नेपाल न्यूज बैंकसँगको कुराकानीमा उनले विशाल स्टुडियो, मनोरञ्जन र पर्यटनलाई एकसाथ जोडेर विकास गरिएको त्यहाँको संरचना देख्दा नेपालका डाँडाकाँडा र पहाडी भूगोलमा पनि अन्तर्राष्ट्रिय स्तरको चलचित्र नगरी बनाउन सकिने सम्भावना आफूले देखेको बताए । नेपालको प्राकृतिक बनावट, विविध भूगोल र चलचित्र छायांकनका लागि आवश्यक फरक-फरक दृश्यलाई एउटै व्यवस्थित स्थानमा जोड्ने सोचका साथ उनले दोलखामा फिल्म सिटी निर्माणको अवधारणा अघि सारेका हुन् ।'दोलखामा पनि यस्ता ठाउँहरू छन्, अन्तर्राष्ट्रिय स्तरको फिल्म स्टुडियो बनाउन पाए हुन्थ्यो' भन्ने सोच नै यस परियोजनाको प्रारम्भिक आधार बनेको थियो ।फिल्म सिटीको परिकल्पना केवल एउटा चलचित्र छायांकन स्थल निर्माण गर्ने योजना मात्र नभई नेपालमा चलचित्र निर्माणका लागि आवश्यक दीर्घकालीन पूर्वाधार विकास गर्ने सोचसँग जोडिएको देखिन्छ । अन्तर्राष्ट्रिय स्तरको फिल्म स्टुडियो, छायांकन स्थल र सम्बन्धित पूर्वाधार विकास गर्न सकिए नेपाली चलचित्र द्योगलाई समेत नयाँ अवसर सिर्जना हुने अपेक्षा गरिएको थियो।

**अन्तत: रोजाइमा पर्यो डाङडुङो**

अधारणा बनेपछि अन्तर्राष्ट्रिय फिल्म वर्कसप दोलखा जिल्लामै आयोजना गर्ने प्रस्ताव अघि सारिएको थियो। स्थानीय सरकर, जनप्रतिनिधि र विभिन्न राजनीतिक दलका नेताहरूले समेत प्रारम्भि चरणमा योजना अघि बढाउन सहयोग गरेको परिकल्पनाकार श्रेष्ठको भनाइ छ ।फिल्म सिटी निर्माणका लागि दोलखाका विभिन्न स्थानको अध्ययन गरिएको थियो। कालिन्चोक जाने क्षेत्र, भीमेश्वर नगरपालिका-९ का वडाध्यक्ष




देउराली र तामाकोशी आसपासका सम्भावित स्थान हेरिएपछि अन्तत: खरिढुङ्गाको डाङडुङो डाँडालाई उपयुक्त ठहर गरिएको थियो । त्यसपछि सबै पक्षको सहमतिमा उक्त स्थानमै आयोजना अगाडि बढाउने निर्णय भएको थियो ।डाङडुङोको प्राकृतिक बनावट नै फिल्म सिटीको सम्भावनाका रूपमा हेरिएको थियो। स्थानीयका अनुसार उक्त क्षेत्रको भौगोलिक स्वरूप, डाँडाकाँडा र प्राकृतिक दृश्य फरक-फरक प्रकारका चलचित्र छायांकनका लागि उपयुक्त हुन सक्छन् । स्थानीयवासीले डाङडुङो क्षेत्रलाई सैलुङको चौरजस्तै प्राकृतिक 'भाइब्स' दिने स्थानका रूपमा समेत वर्णन गरेका छन्।

**करोडौं लगानी, तर मुख्य आयोजना अधुरै**

परिकल्पनाकार मदनदास श्रेष्ठका अनुसार आयोजनाको प्रारम्भिक चरणमा २६ देखि २७ करोड रुपैयाँसम्म लगानी भइसकेको छ । सडक निर्माणलगायत प्रारम्भिक पूर्वाधारका काममा उक्त रकम खर्च भएको बताइएको छ ।आयोजना निर्माणको वातावरण तयार हुँदै जाँदा राजनीतिक रूपमा पनि यसलाई अगाडि बढाउने तयारी भएको थियो । तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाको कार्यकालमा आयोजना शिलान्यासको प्रक्रिया अघि बढ्यो । तत्कालीन सञ्चारमन्त्री मोहनबहादुर बस्नेतले आयोजना शिलान्यास गरेर द्रुत गतिमा निर्माण अघि बढाउनुपर्ने धारणा राखेका थिए ।तर आयोजना शिलान्याससँगै देशको राजनीतिक परिस्थिति फेरियो । श्रेष्ठका अनुसार शिलान्यासका क्रममा नै तत्कालीन राजनीतिक घटनाक्रम परिवर्तन भयो र त्यसले आयोजनाको निरन्तरतामा असर पारेको थियो । उनले त्यसपछिको दोलखाको बदलिँदो राजनीतिमा फिल्म सिटीको श्रेय कसले लिने भन्ने विषयमा समेत तानातान भएको स्मरण गरे ।यहींबाट एउटा ठूलो प्रश्न उठ्छ-पूर्वाधार निर्माण सुरु भइसकेको, करोडौं रुपैयाँ लगानी भएको र शिलान्याससमेत सम्पन्न भएको आयोजना किन रोकियो भन्ने अनुमान गर्न सकिन्छ । विकासमा राजनीति बाधक बन्छ भन्ने यही आयोजनालाई उदाहरणका रुपमा लिन सकिन्छ ।

**राजनीतिक परिवर्तनसँगै ओझेलमा**


श्रेष्ठका अनुसार राजनीतिक घटनाक्रम र नेताहरु सोचले नै फिल्म सिटी सुस्ताउनुको प्रमुख कारणमध्ये एक हो । उनका अनुसार सरकार परिवर्तन भएपछि आयोजनाप्रतिको दृष्टिकोण र प्राथमिकता पनि परिवर्तन भयो।उनले तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीबाट दोलखाको उक्त स्थानमा फिल्म सिटी निर्माणप्रति असहमति आएको दाबी गरे । उक्त स्थानमा घाम कम लाग्ने र हुस्सु लाग्ने जस्ता विषय उठाउँदै दोलखामा फिल्म सिटी बनाउन नहुने धारणा ओलीबाट आएको श्रेष्ठले स्मरण गरे । स्थानीय राजनीतिक नेतृत्वले समेत आयोजना निरन्तरता दिन पहल गरेको भए पनि त्यसले अपेक्षित परिणाम नदिएको उनको दाबी छ ।स्थानीय सरकार भने मौसमलाई आयोजना अघि नबढ्नुको वास्तविक समस्या मान्दैन । भीमेश्वर नगरपालिका-९ का वडाध्यक्ष हिमाल श्रेष्ठले वर्षायाममा हुस्सु र कुहिरो लाग्नु स्वाभाविक भए पनि त्यही आधारमा स्थानलाई फिल्म सिटीका लागि अनुपयुक्त भन्न नमिल्ने धारणा राखे ।उनका अनुसार मौसमभन्दा ठूलो समस्या सरकारको प्राथमिकता र राजनीतिक इच्छाशक्ति हो। 'हावापानी र मौसमको कारण केही पनि होइन,' भन्ने उनको भनाइले आयोजना अघि नबढ्नुमा राजनीतिक तथानीतिगत पक्ष प्रमुख रहेको स्थानीय तहको बुझाइ देखाउँछ। अध्यक्ष श्रेष्ठका अनुसार फिल्म सिटी निर्माणस्थलको अर्को महत्वपूर्ण पक्ष यसको पहुँच हो। उनका अनुसार लामोसाँघु-जिरी सडकखण्डबाट करिब २० मिनेटमा आयोजनास्थल पुग्न सकिन्छ।फिल्म सिटीसम्म पुग्ने सडक एकपटक पिच भइसकेको र पछिल्ला वर्षमा स्थानीय तथा प्रदेश सरकारबाट सडकलाई थप व्यवस्थित गर्न पनि बजेट खर्च भएको छ। केही स्थानमा ढलान तथा पहुँचमार्ग सुधारको कामसमेत सम्पन्न भएको स्थानीय सरकारको भनाइ छ।फिल्म सिटी निर्माणका लागि वन क्षेत्रको करिब २५ सय रोपनीभन्दा बढी जग्गा उपलब्ध गराउने प्रक्रिया अघि बढिसकेको वडाध्यक्ष श्रेष्ठले बताए । यति ठूलो क्षेत्रफलमा जग्गा उपलब्ध हुनु आफैंमा परियोजनाको महत्वपूर्ण आधार भएको उनको भनाइ छ । उनले अन्यत्र यस्तै ठूलो क्षेत्रफलमा जग्गा सहजै उपलब्ध हुने सम्भावना कम रहेको बताए।यसरी हेर्दा फिल्म सिटीका लागि आवश्यक प्रारम्भिक आधारमध्ये जग्गा र पहुँचमार्गको काम धेरै हदसम्म अगाडि बढेको देखिन्छ। तर यही आधारमा चलचित्र नगरीका मुख्य संरचना भने निर्माण हुन सकेका छैनन्।

**पछिल्लो अवस्था**

स्थानीय सरकारका अनुसार अहिले फिल्म सिटीको मुख्य संरचना निर्माणको काम ठप्प छ । सरकारले विशेष बजेट छुट्टाएर फिल्म सिटी निर्माण अघि बढाएको छैन् ।वडाध्यक्ष श्रेष्ठका अनुसार आयोजनास्थलसम्म पुग्ने सडक निर्माण र स्तरोन्नती भएको छ । एउटा पाहुना घरजस्तो संरचना पनि निर्माण भएको छ । तर त्यसपछि फिल्म सिटीका नाममा उल्लेखनीय नयाँ काम हुन नसकेको उनको भनाइ छ । यसको अर्थ अहिले डाङडुङे क्षेत्रमा फिल्म सिटीका लागि कल्पना गरिएको पूर्ण चलचित्र नगरी निर्माण भएको छैन । स्टुडियो, छायांकन पूर्वाधार तथा अन्तर्राष्ट्रिय स्तरको फिल्म उत्पादन केन्द्रका रूपमा विकास गर्ने मूल योजनाको काम अझै सुरु हुन बाँकी रहेको स्थानीय सरकारको भनाइबाट बुझिन्छ । यद्यपि, स्थानीयवासी चित्रबहादुर श्रेष्ठले आयोजना पूर्ण रूपमा रोकिएको भन्न नमिल्ने दाबी गरे । उनका अनुसार तीन तहका सरकारबाट विभिन्न समयमा सानो स्तरका काम भइरहेका छन्।गत आर्थिक वर्ष २०८२/८३ मा मुख्य गेटबाट ढलानको काम भएको भन्दै उनले आयोजनाको काम पूर्ण रूपमा ठप्प भएको भन्न नमिल्ने बताए । तर उनले पनि काम अपेक्षित गति र स्तरमा अगाडि नबढेको स्वीकार गरे ।

***-डिसी नेपाल***

# भोटेकोशी बाढी : हालसम्म एक हजार ६८ शव फेला



**काठमाडौं,** भदौ १६ / प्रहरी प्रधान कार्यालयका अनुसार रसुवास्थित भोटेकोशी नदीमा भदौ १० गते आएको बाढीमा पेर मृत्यु भएकामध्ये एक हजार ६८ जनाको शव फेला परेको छ । मंगलबारसम्म फेला परेका शवमध्ये ३० बालक, ३५ बालिका, २३२ महिला, ३७१ पुरुष र ४०० जना आंशिक अंगसहितका रहेका छन् ।

बाढीमा परी अझै चार हजार ६०६ जना सम्पर्कविहीन रहेका नेपाल प्रहरीले जनाएको छ । नेपाल प्रहरीका प्रवक्ता एवं प्रहरी नायब महानिरीक्षक अबिनारायण काफ्लेका अनुसार उद्धार गरिएकामध्ये तीन हजार ४५३ जनालाई होल्डिङ सेन्टरमा राखिएको छ । नुवाकोटमा दुई हजार ४६६, धादिङमा २६०, रसुवामा ३९८ र काठमाडौंमा ३२९ जना होल्डिङ सेन्टरमा छन् । बाढीपछि उद्धार गरिएकामध्ये तीन हजार २१४ पुरुष, एक हजार ५३० महिला र पहिचान नखुलेका १४ जना रहेका छन् ।

बाढीपछि उद्धार कार्यलाई तीव्र बनाइए पनि अझै मानिस सम्पर्कविहीन रहेकाले खोजी तथा उद्धार कार्य जारी रहेको प्रहरीले जनाएको छ । प्रहरीका अनुसार बाढीमा परी मृत्यु भएका तथा फेला परेका शवको व्यवस्थापनसमेत भइरहेको छ । हालसम्म ५८ वटा शव सम्बन्धित परिवार तथा आफन्तलाई हस्तान्तरण गरिएको छ । प्रवक्ता काफ्लेका अनुसार शवको पहिचान तथा व्यवस्थापनको प्रक्रिया पनि सँगसँगै अघि बढाइएको छ ।

सम्पर्कविहीनको विवरणमा दुई हजार ३१५ स्वदेशी पुरुष, ३६८ स्वदेशी महिला, २५१ विदेशी पुरुष, ३३० विदेशी महिला, अन्य दुई तथा फोनबाट टिपाइएका एक हजार ३४० गरी चार हजार ६०६ जना रहेका प्रहरी नायब महानिरीक्षक काफ्लेले जानकारी दिए । बाढी प्रभावित क्षेत्रमा खोजी, उद्धार, शव व्यवस्थापन तथा सम्पर्कविहीनको विवरण संकलनलाई निरन्तरता दिइएको प्रहरीले जनाएको छ ।

## खेलकुद समाचार

### पाकिस्तानले ७ खेलाडीलाई टेस्ट टोलीबाट हटायो



काठमाडौं,भदौ १६/ लड्र्समा घरेलु टोली इङ्ल्याण्डसँगको दोस्रो टेस्टमा हार बेहोरेपछि पाकिस्तान क्रिकेट बोर्ड (पीसीबी) ले टोलीबाट ७ जना खेलाडीलाई फिर्ता बोलाउने निर्णय गरेको छ । पीसीबीले मोहम्मद रिजवान, इमाम-उल-हक, सलमान आगा, अली उस्मान, आमिर जमाल, ओवैस जफर र खुर्रम शहजादलाई टेस्ट टोलीबाट हटाइएको जनाएको छ ।यी ७ खेलाडीको सट्टामा साइम अय्युब, अब्दुल्लाह फजल, अराफत मिन्हास, इमरान जुनियर, साद बेग, इमरान रन्धावा र रजाउल्लाहलाई टोलीमा समावेश गरिएको छ । पीसीबीका अनुसार यी ७ खेलाडी तेस्रो टेस्टअघि पाकिस्तानको टोलीमा सामेल हुनेछन् । यसैबीच पीसीबीले मुख्य प्रशिक्षक सरफराज अहमद र बलिङ प्रशिक्षक उमर गुलले पदबाट राजीनामा दिने पनि जनाएको छ । माइक हेसनले मुख्य प्रशिक्षकको जिम्मेवारी सम्हाल्नेछन् भने एस्ली नोृकेले बलिङ प्रशिक्षकको भूमिका सम्हाल्नेछन् । माइक हेसन पहिले नै पाकिस्तानको एकदिवसीय र टी-२० टोलीको प्रशिक्षक छन् ।

## पाल्पा अस्पतालको

...कार्यक्रममा जिल्ला समन्वय समितिकी उपप्रमुख काशिका गैरे, तानसेन नगरपालिकाकी उपप्रमुख प्रतीक्षा गाहा, अस्पताल विकास समितिका पूर्वअध्यक्षहरू डा. पुरन बज्राचार्य, नेत्र पाण्डे र गुराँस आत्रेय, युनाइटेड मिसन अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा. रचेल कारक लगायतले अस्पतालको सेवा र पूर्वाधार विकासका विषयमा धारणा राखेका थिए । उनीहरूले स्वास्थ्य सेवा नागरिकको जीवनसँग प्रत्यक्ष जोडिएको संवेदनशील विषय भएकाले अस्पतालको सेवा थप चुस्त, गुणस्तरीय र प्रभावकारी बनाउन सबै पक्षले निरन्तर सहयोग गर्नुपर्ने बताए । अस्पतालको भौतिक तथा संस्थागत विकासमा आृनो सहयोग सधैं रहने उनीहरूको भनाइ थियो ।कार्यक्रममा अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा. शान्तबहादुर रोक्काले आर्थिक वर्ष २०८२/०८३ मा अस्पतालबाट भएका गतिविधि, सेवा प्रवाहको अवस्था तथा आगामी योजनाबारे प्रस्तुतीकरण गरेका थिए । अस्पतालमा कार्यरत चिकित्सक, स्वास्थ्यकर्मी, कर्मचारी, व्यवस्थापन समिति तथा सरोकारवाला निकायको महत्वपूर्ण भूमिकाका कारण विगतको तुलनामा सेवा प्रवाहमा केही सुधारको नतिजा देखिएको उनले बताए ।

अस्पतालबाट प्रदान गरिने सेवामा कुनै कमी हुन नदिन अस्पतालको सम्पूर्ण टोली निरन्तर प्रयासरत रहेको डा. रोक्काले बताए । आगामी दिनमा सेवा प्रवाहलाई थप व्यवस्थित, गुणस्तरीय र नागरिकमैत्री बनाउने योजना रहेको उनको भनाइ थियो ।कार्यक्रममा पाल्पा जिल्लाका विभिन्न स्वास्थ्य संस्थामा ३३ वर्ष सेवा गरी जिल्ला अस्पताल पाल्पाबाट सेवानिवृत्त भएकी सिनियर अनमी शारदा भट्टराईलाई सम्मानसहित बिदाइ गरिएको थियो । अस्पताल विकास समितिका अध्यक्ष अजयमान कर्माचार्यको अध्यक्षता र अस्पतालकी नर्सिङ अधिकृत भगवती न्यौपानेको सञ्चालनमा कार्यक्रम सम्पन्न भएको थियो ।


## शिक्षक आवश्यकता

**प्रकाशित मिति : २०८३/०५/१०**

उपरोक्त सम्बन्धमा यस विद्यालयको वि.व्य.स. को मिति २०८३/०५/०४ को निर्णय र शिक्षा तथा समन्वय इकाई, तानसेन, पाल्पा मिति २०८३/०५/०९ को च.नं. १८८ को अनुमति पत्रानुसार तपशिल अनुसारको शिक्षक नियुक्तिको लागि योग्यता पुगेका इच्छुक उम्मेदवारबाट देहाएको विज्ञापनको लागि दर्खास्त आह्वान गरिन्छ ।

**तपशिल :**

**विज्ञापन नं :** ०१/०८३/०८४

१) **तह :** प्रा.वि, **श्रेणी :** (तृतीय)

२) **पद :-** राहत शिक्षक (महिला कोटा), **संख्या :** (१ जना)

३) **न्युनतम् शैक्षिक योग्यता :** आई. एड. वा सो सरह

४) **उमेर :** १८ बर्ष पुरा भई ४० बर्ष ननाघेको

५) **तलब स्केल :** नेपाल सरकारले तोके बमोजिम

६) **दरखास्त दस्तुर :** रु. ५००/-

७) **दरखास्त दिने अन्तिम मिति :** २०८३/०५/२४ गते कार्यालय समय भित्र ।

८) **परीक्षा हुने मिति र स्थान :** सम्पर्क मितिमा तोकिने छ ।

९) **परीक्षाको किसिम :** लिखित तथा अन्तर्वार्ता

१०) परीक्षाको दिन सक्कल प्रमाणपत्र उपलब्ध गराउनु पर्ने छ ।

११) **पेश गर्नुपर्ने आवश्यक कागजातहरु :** नागरिकता, शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि, स्थायी अध्यापन अनुमतिको प्रमाणित प्रतिलिपी २/२ प्रति ।

**सम्पर्क:** ९८६७२९९००५

**श्री अकलादेवी प्राथमिक विद्यालय**

निस्दी गाउँपालिका-५, गल्धा,बाङलाङ, पाल्पा



मनको आवाज............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन
प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com



### दुई नामथर, जन्ममिति फरक परेता पनि व्यक्ति एउटै भएको सूचना



सर्वसाधारणमा यो सूचना सूचित गरिन्छ की पाल्पा जिल्ला साविक फोक्सीङकोट गा.वि.स.-४,(हुँगी गा.वि.स.१) हाल रम्भा गाउँपालिका -१ निवासी भारतिय भू.पू.सैनिक नं. JC 218563 M का SUb शसे थापा (ना.प्र.मा शसे थापा) को श्रीमतिको नाम सिटरोल र पेन्सन पट्टामा रम्भा देवी थापा र जन्म मिति सन् १९५८ मे १० (वि.स.२०१५/०१/२८) र नेपाली नागरिकता प्रमाणपत्रमा रम्भा थापा, जन्म मिति वि.स. २०१४/१०/१५ (सन् १९५८ जनवरी २८) उल्लेख भएको र निजको पतिको भारतीय पेन्सन अभिलेखमा फरक-फरक नामथर, जन्ममिति भएतापनि उपरोक्त व्यक्ति एउटै हो भनि प्रमाणहरुबाट देखिन आएकाले सोही व्यहोरा सर्वसाधारण सबैमा सूचित गरिन्छ ।

### दुई नामथर, जन्ममिति फरक परेता पनि व्यक्ति एउटै भएको सूचना



सर्वसाधारणमा यो सूचना सूचित गरिन्छ की पाल्पा जिल्ला साविक चिर्तुङ्धारा गा.वि.स.-३, हाल बगनासकाली गाउँपालिका -१ निवासी भारतिय भू.पू.सैनिक नं. 5342258 H का हवलदार पिताम्बर थापा (ना.प्र.मा पिताम्वर गाहा मगर भन्ने पिताम्वर थापा) को श्रीमतिको नाम सिटरोल र पेन्सन पट्टामा रिनु सरा र जन्म मिति सन् १९५६ अगष्ट १९ (वि.स.२०१३/०५/०४) र नेपाली नागरिकता प्रमाणपत्रमा रेनुका देवि गाहा भन्ने रिनु सरा थापा, जन्म मिति वि.स. २०१०/०२/३१ (सन् १९५३ जुन १३) उल्लेख भएको र निजको पतिको भारतीय पेन्सन अभिलेखमा फरक-फरक नामथर, जन्ममिति भएतापनि उपरोक्त व्यक्ति एउटै हो भनि प्रमाणहरुबाट देखिन आएकाले सोही व्यहोरा सर्वसाधारण सबैमा सूचित गरिन्छ ।

### दुई नामथर, जन्ममिति फरक परेता पनि व्यक्ति एउटै भएको सूचना



सर्वसाधारणमा यो सूचना सूचित गरिन्छ की पाल्पा जिल्ला साविक बौघागुम्हा गा.वि.स.-३, हाल तानसेन नगरपालिका-१३ निवासी भारतिय भू.पू.सैनिक नं. 5448140 M का TS/NK टुक बहादुर थापा (ना.प्र.मा टुक बहादुर थापा ठाडा) को श्रीमतिको नाम सिटरोल र पेन्सन पट्टामा गुन कुमारी थापा र जन्म मिति सन् १९६४ अक्टुवर १ (वि.स.२०२१/०६/१६) र नेपाली नागरिकता प्रमाणपत्रमा गुनिसरा ठाडा, जन्म मिति वि.स. २०१९/०३/१५ (सन् १९६२ जुन २९) उल्लेख भएको र निजको पतिको भारतीय पेन्सन अभिलेखमा फरक-फरक नामथर, जन्ममिति भएतापनि उपरोक्त व्यक्ति एउटै हो भनि प्रमाणहरुबाट देखिन आएकाले सोही व्यहोरा सर्वसाधारण सबैमा सूचित गरिन्छ ।

### दुई नामथर, जन्ममिति फरक परेता पनि व्यक्ति एउटै भएको सूचना



सर्वसाधारणमा यो सूचना सूचित गरिन्छ की पाल्पा जिल्ला साविक हुमिन गा.वि.स.-४, हाल रम्भा गाउँपालिका-४ निवासी भारतिय भू.पू.सैनिक नं. 5039526 X का हवलदार सोम बहादुर आले (ना.प्र.मा सोम बहादुर आले) को श्रीमतिको नाम सिटरोल र पेन्सन पट्टामा विष्णु कुमारी र जन्म मिति सन् १९५४ सेप्टेम्वर १६ (वि.स.२०११/०५/३१) र नेपाली नागरिकता प्रमाणपत्रमा तुल्सीसरा आले भन्ने विष्णु कुमारी आले, जन्म मिति वि.स. २०१४/०१/०५ (सन् १९५७ अप्रिल १७) उल्लेख भएको र निजको पतिको भारतीय पेन्सन अभिलेखमा फरक-फरक नामथर, जन्ममिति भएतापनि उपरोक्त व्यक्ति एउटै हो भनि प्रमाणहरुबाट देखिन आएकाले सोही व्यहोरा सर्वसाधारण सबैमा सूचित गरिन्छ ।



हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई